**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरूका राज्यपाल र लेफ्टिनेन्ट गभर्नरहरू नियुक्त गर्नु भएको छ।

- प्रधान मन्त्री नरेन्द्र मोदीले आज बिहान भिडियो कन्फरेन्समार्फत **कृषि र ग्रामीण रूपान्तरणको** बारेमा बजेटपछिको वेबिनारलाई सम्बोधन गर्नुहुनेछ।

- प्रधानमंत्री नरेन्द्र मोदीले फ्रांसका राष्ट्रपति इमैनुएल मैक्रोंसित पश्चिम एशिया संघर्षमाथि साझा चिंताहरुमाथि चर्चा गर्नुभयो र संवाद र कूटनीतिबाट समाधानको आवश्यकतामाथि जोर दिनु भयो।

- पश्चिम बङ्गालमा, मतदाता नामावलीको विशेष गहन पुनरीक्षणको प्रक्रियालाई द्रुत बनाउनका लागि ओडिशा र झारखण्डबाट २०० थप न्यायाधीशहरू नियुक्त गरिएको छ।

- आईसीसी टी-20 क्रिकेट विश्वकपको सेमीफाइनलमा इंग्लैंडलाई सात रनले पराजित गर्दै भारतीय टिम आईसीसी टी-20 क्रिकेट विश्वकपको फाइनलमा प्रवेश गरेको छ ।

**लेफ्टिनेन्ट गभर्नरको नियुक्ति**

राष्ट्रपति द्रौपदी मुर्मुले विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरूका राज्यपाल र लेफ्टिनेन्ट गभर्नरहरू नियुक्त गर्नु भएको छ। हिमाञ्चल प्रदेशका राज्यपाल शिवप्रताप शुक्लालाई तेलंगानाको राज्यपालको रूपमा नियुक्त गरिएको छ भने जिष्णु देव वर्मालाई महाराष्ट्रको राज्यपालको रूपमा नियुक्त गरिएको छ। बिहार विधानसभाका पूर्व अध्यक्ष नन्दकिशोर यादवलाई नागाल्याण्डको राज्यपालको रूपमा नियुक्त गरिएको छ भने सेवानिवृत्त लेफ्टिनेन्ट जनरल सैयद अता हसनैनलाई बिहारको राज्यपालको रूपमा नियुक्त गरिएको छ।तमिलनाडुका राज्यपाल आरएन रविलाई पश्चिम बंगालको राज्यपालमा नियुक्त गरिएको छ।केरलाका राज्यपाल राजेन्द्र विश्वनाथ अर्लेकर तमिलनाडुको राज्यपालको जिम्मेवारी सम्हाल्नु हुनेछ। राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगालका गभर्नर डा. सीवी आनन्द बोसको राजीनामा स्वीकृत गर्नु भयो।लद्दाखका लेफ्टिनेन्ट गभर्नर कविन्दर गुप्तालाई हिमाचल प्रदेशको जिम्मेवारी दिइएको छ भने दिल्लीका लेफ्टिनेन्ट गभर्नर विनय कुमार सक्सेनालाई लद्दाखको लेफ्टिनेन्ट गभर्नर नियुक्त गरिएको छ।पूर्व कूटनीतिज्ञ तरणजीत सिंह सन्धुलाई दिल्लीको लेफ्टिनेन्ट गभर्नरमा नियुक्त गरिएको छ।

**पीएम-कृषि वेबिनार**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज बिहान भिडियो कन्फरेन्समार्फत **कृषि र ग्रामीण रूपान्तरणको** बारेमा बजेटपछिको वेबिनारलाई सम्बोधन गर्नुहुनेछ।यस विषयवस्तु अन्तर्गत आठ वेबिनार सत्रहरू आयोजना गरिएको छ, जसमा चार प्रमुख क्षेत्रहरू - कृषि, पशुपालन र डेयरी, मत्स्य पालन र ग्रामीण आजीविका माथि बिचार विमर्श गरिनेछ। बजेट पछिको वेबिनार उच्च मूल्यको कृषि व्यवसायलाई बढावा दिनमा केन्द्रित हुनेछ। यसका लागि काजु, नरिवल, चन्दन, बदाम, अनि ओखरको आर्थिक लाभकारी खेतीलाई प्राथमिकता दिइनेछ। वेबिनारमा एआई सक्षम कृषि डिजिटल पूर्वाधार-भारत विस्तारबाट उपलब्ध अवसरहरूको बारेमा पनि चर्चा गरिनेछ। वेबिनारका सत्रहरूमा पशुपालन मूल्य श्रृंखलामा निजी क्षेत्रको लगानी र

उद्यमशीलता, मत्स्य पालनका लागि जल निकायहरूको विकास र अमृत सरोवरहरूको विकास, तटीय मत्स्य मूल्य श्रृंखलालाई सुदृढ पार्ने र स्वयं सहायता समूहका ग्रामीण महिला उद्यमीहरूले बनाएका उत्पादनहरूको लागि बजार प्रदान गर्ने बारेमा पनि चर्चा गरिनेछ।

**प्रधानमंत्री**

प्रधानमंत्री नरेन्द्र मोदीले हिज फ्रांसका राष्ट्रपति इमैनुएल मैक्रॉसित बातचीत गर्नुभयो। सोशल मीडिया पोस्टमा श्री मोदीले बताउनु भयो कि दुवै देशहरुले पश्चिम एशियामा बदलिँदो स्थितिमाथि आफ्नो साझा चिंताहरु र संवाद तथा कूटनीतिबाट समाधानको आवश्यकतामाथि चर्चा गर्नुभयो। उहाँले भन्नु भयो कि दुवै देश क्षेत्रहरुमा शांति र स्थिरताको शीघ्र बहालीको लागि घनिष्ठ सहयोग र समन्वय जारी राख्नेछ।

**प्रधानमंत्री - नयाँ मेट्रो कॉरिडोर**

प्रधानमंत्री नरेन्द्र मोदीले आइतवार राष्ट्रीय राजधानीमा दुई नयाँ मेट्रो कॉरिडोरको उद्घाटन गर्नुहुनेछ तथा तीन अतिरिक्त कॉरिडोरको आधारशिला राख्नु हुनेछ। दिल्ली की मुख्यमंत्री रेखा गुप्ताले पत्रकारहरुसितको बातचीतमा भन्नु भयो कि प्रधानमंत्री मोदीले दिल्ली मेट्रो को **पिंक लाइनको मजलिस पार्क देखि मौजपुर-बाबरपुर खंड** र **मैजेंटा लाइन को दीपाली चौक बात मजलिस पार्क खंड** को उद्घाटन गर्नुहुनेछ। श्रीमती गुप्ताले भन्नु भयो कि **18 हजार 300 करोड़ रुपये** भन्दा अधिक लागतको यो परियोजनाहरुले , सार्वजनिक परिवहन ढांचालाई बलियो गर्ने छ र यसले यातायातमा सुधार ल्याउने छ ।

मुख्यमंत्रीले भन्नु भयो कि 12 किलोमीटरभन्दा अधिकको **मजलिस पार्क-मौजपुर-बाबरपुर खंड** मा आठ **एलिवेटेड स्टेशन** शामेल छन्। यो नयाँ कॉरिडोर कोरिडोरसँगै पिंक लाइनको लम्बाइ ७१ किलोमिटरभन्दा बढी हुनेछ र यो दिल्लीमा देशको पहिलो पूर्ण रूपमा सञ्चालित रिंग मेट्रो हुनेछ। यस परियोजनामा यमुना नदीमाथि एक नयाँ पुलको निर्माण र मेट्रो ट्रैक तथा सड़क फ्लाईओवर दुवैको कोलागी एकै पिलरमा दुई तले डबल-डेकर प्यासेजवेको निर्माण पनि शामेल छ।

प्रधानमंत्री मोदीले दिल्ली मेट्रोको पांचऔ चरण अंतर्गत तीन नयाँ कॉरिडोरको आधारशिला पनि रख्नुहुनेछ।यीनमा , **रामकृष्ण आश्रम मार्ग** देखि **इंद्रप्रस्थ सेंट्रल विस्टा कॉरिडोर**, **एयरोसिटी देखि इंदिरा गांधी हवाई अड्डाको टर्मिनल-वन** सम्म र **तुगलकाबाद देखि कालिंदी कुंज सम्म गोल्डन लाइन** को विस्तार शामेल छ।

मुख्यमंत्री रेखा गुप्ताले भन्नु भयो कि यसबाट यात्रा सुगमता बढ़नेछ र राजधानीमा प्रदूषण नियंत्रणमा सहायता मिल्नेछ।उहाँले भन्नु भयो कि यी परियोजनाहरूले इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा पहुँच सजिलो बनाउनेछ, विशेष गरी नोएडा र फरीदाबादबाट आउने मानिसहरूका लागि|

**नड्डा- विश्व स्वास्थ्य संगठन**

स्वास्थ्य मंत्री जगत प्रकाश नड्डाले गर्भाशय ग्रीवा कैंसर- सर्विकल कैंसरको उन्मूलन र स्वास्थ्य क्षेत्रमा वैश्विक सहयोग बलियो गर्ने भारतको प्रतिबद्धतालाई दोहराउनु भएको छ। विश्व स्वास्थ्य संगठनका महानिदेशक, **टेड्रोस अधानोम घेब्रेयसस** को साथ वैश्विक स्वास्थ्य मुद्दाहरुमा वर्चुवल माध्यमबाट मीडियालाई संबोधित गर्नु हुदै श्री नड्डाले भन्नु भयो कि भारतले यसको शीघ्र पहिचान , रोकथाम र समयमा उपचार उपलब्ध गराउनका लागि व्यापक नीति अपनाएको छ। उहाँले भन्नु भयो कि 30 देखि 65 वर्ष की महिलाहरुको लागि यस समस्याको पहिचानको सुविधा आयुष्मान आरोग्य मंदिरहरु र अन्य स्वास्थ्य केंद्रहरुमा उपलब्ध छ। गैर-संचारी रोगहरुको रोकथाम र नियंत्रणको राष्ट्रीय कार्यक्रम अंतर्गत, देश भरमा 8 करोड़ 60 लाखभन्दा अधिक महिलाहरुको जांच गरिएको छ। श्री नड्डाले ह्यूमन पैपीलोमा वायरस को रोकथामको लागि चलाइरहेको टीकाकरण अभियानको पनि उल्लेख गर्नुभयो।यो अभियान 28 फरवरीमा प्रधानमंत्री नरेन्द्र मोदी द्वारा शुरू गरिएको थियो। जस अन्तर्गत 14 वर्ष की एक करोड़ 20 लाख बालिकाहरुलाई टीका लगाइने छ। एक चरणमा पूरा गरिने टीकाकरण अभियान 90 दिनसम्म चल्नेछ। सरकारी स्वास्थ्य केंद्रहरुमा यो सुविधा नि:शुल्क उपलब्ध रहनेछ।

विश्व स्वास्थ्य संगठनका महानिदेशकले राष्ट्रव्यापी एचपीवी टीकाकरण अभियानलाई विश्वको सबैभन्दा ठूलो निशुल्क टीकाकरण अभियान बताउनु भयो र यसको लागि भारतको सराहना गर्नुभयो।उहाँले यस गर्भाशय ग्रीवा कैंसरको उपचार र

रोकथाममा ऐतिहासिक कदम बताउनु भयो।

**आठौ वेतन आयोग-सुझाव**

आठौं केन्द्रीय वेतन आयोगले सेवारत कर्मचारीहरु तथा पेंशनभोगी संगठनहरु, संस्था र इच्छुक व्यक्तिबाट ज्ञापनपत्र आह्वान गरेको छ। आयोगले आफ्नो आधिकारिक वेबसाइटमा यसको ढाँचा उपलब्ध गराएको छ। अनलाइन पोर्टलमा मात्र प्रतिनिधित्व स्वीकार गरिने र कागजी प्रतिलिपि, इमेल वा पिडिएफ स्वीकार्य नहुने भनिएको छ। आयोगले सरोकारवालाहरूलाई ३० अप्रिल २०२६ सम्म आफ्ना ज्ञापनपत्रहरू जमा गर्न भनेको छ।

**पश्चिम बंगाल-एसआईआर**

पश्चिम बङ्गालमा, मतदाता नामावलीको विशेष गहन पुनरीक्षणको प्रक्रियालाई द्रुत बनाउनका लागि ओडिशा र झारखण्डबाट २०० थप न्यायाधीशहरू नियुक्त गरिएको छ। यी नवनियुक्त न्यायाधीशहरूले करिब ६० लाख विचाराधिन मुद्दाहरूको जाँच गर्नेछन्। राज्यको मुख्य निर्वाचन अधिकारीको कार्यालयका अनुसार यी न्यायाधीशहरू उत्तर र दक्षिण २४ परगना, पूर्व र पश्चिम बर्दवान, हावडा, हुगली, नादिया र बीरभूम जिल्लामा नियुक्त हुनेछन्।

वर्तमानमा , लगभग पांच सय 50 न्यायाधीश एसआईआरसित संबंधित मामिलाहरुलाई सुल्झाउनमा लागेका छन्। चुनाव आयोगका सूत्रहरु अनुसार, लंबित मामिलाहरुलाई शीघ्र निपटाउन का लागि कयौ प्रशासनिक कदम उठाइन्दै छ। अहिलेसम्म करीबन 6 लाख मामिलाहरुको समाधान भईसकेको छ।

**टी-ट्वेंटी-क्रिकेट**

भारत आईसीसी टी-20 क्रिकेट विश्वकपको फाइनलमा प्रवेश गरेको छ। हिज राति मुंबईको वानखेडे स्टेडियममा भएको दोस्रो सेमीफाइनलको रोमांचक मैचमा भारतले इंग्लैंडलाई सात रनले पराजित गरेको छ। 254 रनको लक्ष्यको जवाफमा इंग्लैंडले सात विकेटमा 246 रन बनाए।
भारतले पहिले ब्याटिंग गर्दै बीस ओवरमा सात विकेटमा 253 रन बनाए। संजू सैमसनले 42 बलमा शानदार 89 रन बनाए। शिवम दूबेले 43 रनको योगदान दियए। इंग्लैंडको लागि जैकब बेथलले 48 बलमा 105 रन जोड़े। सन्जू सैमसनलै **प्लेयर ऑफ द् मैच** घोषित गरियो।
आइतवार फाइनलमा भारतको भिडन्त न्यूजीलैंडसंग हुनेछ। मैच अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा खेलिनेछ ।

**टी-20- अमित शाह**

गृहमंत्री अमित शाहले भारतीय टी-20 टीमलाई विश्वकपको फाइनलमा प्रवेश गरेको मा बधाई दिनु भएको छ। सोशल मीडिया पोस्टमा गृहमंत्रीले सेमीफाइनलमा इंग्लैंडमाथि को जीतलाई भारतको उत्कृष्ट खेल बताउनु भयो। उहाँले भन्नु भयो कि टीमको दृढ़ता र कठोर परिश्रम वास्तवमा नै उल्लेखनीय थियो। उहाँले फाइनलको लागि भारतीय टीमलाई शुभकामना दिनु भयो।